apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्षः १२ ● अंकः १२० ● पृष्ठः ४ ● ०४ जेठ २०८३ सोमबार (18 May 2026, Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/



## 'संविधान संशोधनमा कानुन व्यवसायीको भूमिका महत्वपूर्ण'

समाचार पृष्ठ ४

# 'रिकन्साइल डाटा'मा विद्युत प्राधिकरणको मनपरी ?

## सिरहामा उपभोक्तालाई अचानक पुरानो बक्यौता देखाएर अतिरिक्त शुल्क थपिएको आरोप

**शुभ नारायण कामती**
**सिरहा, जेठ ०३ गते**




नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र सिरहामा 'रिकन्साइल डाटा'को नाममा उपभोक्तामाथि पुरानो बक्यौता देखाएर अतिरिक्त रकम असुल्ने प्रयास भइरहेको आरोप सार्वजनिक भएको छ। वर्षौंदेखि नियमित रूपमा विद्युत महसुल बुझाउँदै आएका सेवाग्राहीले अचानक पुरानो बक्यौता थपिएको बिल आएपछि प्राधिकरणको प्रणाली र पारदर्शितामाथि गम्भीर प्रश्न उठेको छ।

सिरहा वितरण केन्द्रका सेवाग्राही नागेन्द्र प्रसाद साहले आफूले नियमित रूपमा मासिक विद्युत बिल भुक्तानी गर्दै आएको भए पनि यस महिनाको बिलमा अचानक अतिरिक्त रकम थपिएको बताए।

"म वर्षौंदेखि नियमित रूपमा बिल तिर्दै आएको छु। अघिल्लो महिनासम्म कुनै बाँकी देखिएको थिएन," उनले भने, "तर यसपटक पुरानो बक्यौता भन्दै अतिरिक्त रकम थपिएको बिल आयो।"

उनका अनुसार प्राधिकरणका कर्मचारीलाई सोधपुछ गर्दा २०७६ चैतदेखि २०७७ साउनसम्मको बिल पूर्ण रूपमा नतिरेको भन्दै जवाफ दिइएको थियो। तर त्यस अवधिमा पनि नियमित रूपमा महसुल तिरेको दाबी उनले गरेका छन्।

सेवाग्राही साहले समस्या लिएर वितरण केन्द्र प्रमुखसमक्ष पुग्दा समेत स्पष्ट जवाफ नपाएको गुनासो गरे। "कार्यालय प्रमुखले 'प्रदेशबाट यस्तो डाटा आएको हो' भन्दै पन्छिन खोज्नुभयो," उनले भने, "उपभोक्तालाई स्पष्ट आधार र प्रमाण नदिई रकम थप्नु अन्याय हो।"

यता नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र सिरहाका प्रमुख इन्जिनियर जगन्नाथ झाले 'रिकन्साइल डाटा' अनुसार केही ग्राहकको पुरानो बक्यौता देखिएको स्वीकार गरेका छन्।

उनका अनुसार प्रदेश कार्यालयबाट प्राप्त विवरणका आधारमा पुरानो बाँकी रकम प्रणालीमा देखिएको हो।

तर अघिल्लो महिनासम्म कुनै बक्यौता नदेखिएको अवस्थामा अचानक पुरानो रकम कसरी देखियो भन्ने प्रश्नमा उनले स्पष्ट जवाफ दिन सकेनन्।

"हामीकहाँ प्रदेश कार्यालयबाट डाटा आएको हो, सोही अनुसार ग्राहकलाई जानकारी गराइएको हो," उनले भने, "थप विवरण बुझ्न प्रदेश कार्यालय जनकपुरमा सम्पर्क गर्न सकिन्छ।"

यस घटनापछि उपभोक्ताहरूले विद्युत प्राधिकरणको बिलिङ

बाँकी पृष्ठ ३ ▸▸

# जनकपुर उच्च अदालतबाट तीन हजार मुद्दा फछ्र्यौट

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ ०३ गते**



जनकपुर उच्च अदालतले चालु आर्थिक वर्ष २०८२/८३ को वैशाखसम्म तीन हजार ११५ मुद्दा फछ्र्यौट गरेको छ। पुरानो र नयाँ गरी कुल पाँच हजार ६५१ मुद्दा अदालतमा रहेको थियो।

उच्च अदालतका शाखा अधिकृत गणेश पाण्डेका अनुसार फछ्र्यौट भएका मुद्दामध्ये अघिल्लो वर्षबाट सरी आएका दुई हजार २६७ र नयाँ दर्ता भएका तीन हजार ३८४ सहित कुल पाँच हजार ६५१ मुद्दा अदालतमा रहेको छ। उनका अनुसार दुई हजार ५३६ मुद्दा फछ्र्यौट हुन बाँकी छ।

अदालत सम्बन्धमा जानकारी दिँदै सो अदालतका कायम मुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरले न्यायीक सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउने उद्देश्यसहित अदालतको कार्यप्रगति, मुद्दा फछ्र्यौटको अवस्थाबारे जानकारी दिए। विवरणअनुसार जिम्मेवारी सरी आएका मुद्दामध्ये एक हजार ७२४ मुद्दा फछ्र्यौट गरी ५४३ मुद्दा बाँकी रहेका छन्।

यसैगरी, चालु वर्षमा नयाँ दर्ता भएका मुद्दामध्ये एक हजार ३९१ मुद्दा फछ्र्यौट हुँदा एक हजार ९९३ मुद्दा अझै बाँकी छन्। अदालतको कुल मुद्दा फछ्र्यौट प्रतिशत ५५ दशमलव १२ रहेको जानकारी दिइएको छ।

अदालतले लामो समयदेखि विचाराधीन रहेका मुद्दालाई प्राथमिकताका साथ टुङ्ग्याउने अभियान पनि सञ्चालन गरिरहेको जनाएको छ। सार्वजनिक विवरणअनुसार एक वर्षदेखि १८ महिनाभित्रका ३७४ मुद्दा, १८ महिनादेखि दुई वर्षभित्रका ७० मुद्दा तथा दुई वर्ष नाघेका चार मुद्दा अझै विचाराधीन रहेका छन्।

बाँकी पृष्ठ ४ ▸▸

# मिथिला नगरपालिकाका ४८३ परिवारले पाए लालपुर्जा




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ ०३ गते**

लामो समयदेखि (भूमिहीन) सुकुमबासीका रूपमा बस्दै आएका धनुषाको मिथिला नगरपालिकाका ४८३ परिवारलाई आइतबार एक समारोहबिच लालपुर्जा वितरण गरिएको छ।

मिथिला नगरपालिका-६, ७, ८ र ९ का (भूमिहीन) सुकुमबासीलाई लालपुर्जा वितरण गरिएको हो।

गाउँब्लकका जमिन लालपुर्जाबिना भोग गर्दै आएका सुकुमबासीलाई लालपुर्जा वितरण गरिएको जिल्लास्थित नापी कार्यालय दुई नम्बर टोली ढल्केवरले जनाएको छ। टोलीका प्रमुख सीयाराम साहले आवश्यक कागजातसहित नापनक्साको प्रक्रिया

बाँकी पृष्ठ ३ ▸▸

# ४० लाखको अवैध सामानसहित ट्रक पक्राउ

## सीमावर्ती तस्करी सञ्जालमाथि सशस्त्र प्रहरीको ठूलो प्रहार, खुला सीमामा अवैध कारोबार अझै चुनौती

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ०३ गते**



सिरहामा करिब ४० लाख रुपैयाँ बराबरका अवैध सामानसहित एक ट्रक सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ। सीमावर्ती क्षेत्रमा बढ्दो तस्करी गतिविधिबीच गरिएको यो बरामदगीलाई सुरक्षा निकायले महत्वपूर्ण सफलता मानेको छ भने स्थानीय सरोकारवालाहरूले यसलाई गहिरिँदै गएको अवैध कारोबारी सञ्जालको संकेतका रूपमा व्याख्या गरेका छन्।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा मुख्यालय सिरहाबाट सशस्त्र प्रहरी उपरीक्षक (एसपी) सुमन जंग थापाको नेतृत्वमा खटिएको ३५ सदस्यीय विशेष गस्ती टोलीले शनिबार राति करिब ८:४५ बजे नवराजपुर गाउँपालिका-५ देवनगर क्षेत्रमा विशेष सूचनाको आधारमा चेकजाँच गर्ने क्रममा स.१ ख. ५३५ नम्बरको टाटा टुटन (ट्रक) नियन्त्रणमा लिएको हो।

सशस्त्र प्रहरीले उक्त ट्रक नेपालबाट भारततर्फ अवैध रूपमा लैजान लागिएको अवस्थामा फेला परेको जनाएको छ। ट्रकबाट विभिन्न प्रकारका कस्मेटिक सामग्री, मन्जन (टुथपेष्ट), ओखरलगायतका सामान बरामद गरिएको बताइएको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा सिरहाका डीएसपी सियाराम चौधरीका अनुसार बरामद गरिएको सामान तथा सवारी साधनको

बाँकी पृष्ठ ४ ▸▸

# झाडीमा लुकाइएको २७६ किलो गाँजा बरामद

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ०३ गते**

सिरहामा प्रहरीले ठूलो परिमाणमा प्रतिबन्धित लागुऔषध गाँजा बरामद गर्दै सम्भावित तस्करी सञ्जालमाथि अनुसन्धान तीव्र बनाएको छ। प्रहरीले कर्जन्हा नगरपालिका-११ क्षेत्रको झाडीबाट २७६ किलो गाँजा फेला पारेको हो।

इलाका प्रहरी कार्यालय मिर्चैयाबाट प्रहरी निरीक्षक जीवकान्त चौधरीको नेतृत्वमा खटिएको टोलीले शनिबार साँझ विशेष सूचनाका आधारमा खोजतलास गर्दा ११ वटा बोरामा प्याक गरेर लुकाइ राखिएको अवस्थामा

बाँकी पृष्ठ २ ▸▸






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

संविधान संशोधनका ५ एजेण्डा

# प्राथमिकतामा छन् प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र गैरदलीय स्थानीय तह बनाउने मुद्दा



**संविधान संशोधन**
- शासकीय स्वरूप
- निर्वाचन प्रणाली
- संघीयताको बहस
- न्यायपालिका सुधार
- संवैधानिक निकाय

बालेन शाह नेतृत्वको सरकारले संविधान संशोधन बहसपत्र तयार पार्नका लागि गठन गरेको कार्यदलले विभिन्न सरोकारवाला पक्षसँग संवाद गरिरहेको छ। गत १६ चैतमा बसेको मन्त्रिपरिषद् बैठकले गठन गरेको कार्यदलले विभिन्न दल, संविधानविद्, नागरिक अगुवा तथा जेनजी अगुवासँग छलफल गरिरहेको छ।

यता, प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहलाई संयोजकको जिम्मा दिएको यो कार्यदललाई लिएर विभिन्न टीकाटिप्पणी भइरहेको छ। प्रधानमन्त्री बालेनले दोस्रो बैठकमै संविधान संशोधन जस्तो गम्भीर विषयमा हलुका ढंगले हतारमा कार्यदल बनाएको भन्दै आलोचनासमेत भइरहेको छ।

यस विषयमा संसद्मा रहेका अन्य दलहरूसँग उनले छलफल गरेका थिएनन्। संसद् बैठक बस्नु त परको कुरा, यो निर्णय भइरहँदा बैठक बोलाउने निर्णयसमेत भइसकेको थिएन। संशोधन कार्यदल बनाउने र बजेट अधिवेशन बोलाउने निर्णय एकसाथ भएको थियो। यसलाई लिएर धेरैले आपत्ति जनाएको देखिन्छ।

यद्यपि, कार्यदलले विभिन्न दलका प्रतिनिधि, संविधानविद्लगायत अन्य सम्बन्धित सरोकारवालासँग छलफल जारी राखेको छ। यसरी संविधान संशोधनका विषयमा निरन्तर छलफल चलिरहँदा यसभित्र के-के विषय प्राथमिकतामा छन् भन्ने चासो आमवृत्तमा देखिन्छ।

स्रोतका अनुसार, यसले मूलतः शासकीय स्वरूप, निर्वाचन प्रणाली, संघीयता, न्यायपालिका, संवैधानिक निकायसहित पाँच विषयलाई प्राथमिकता दिइएको देखिन्छ। त्यसबाहेक विविधमा अन्य कुराहरू समेटिएका छन्। यी सबै शीर्षकभित्र ४६ बुँदाका विषयवस्तु समेटिएको छ।

**शासकीय स्वरूप**

शासकीय स्वरूप हेरफेर गर्ने विषयलाई सरकारले प्राथमिकताका साथ छलफलको विषय बनाएको छ। अहिलेकै ठिक छ वा पूर्ण संसदीय वा संशोधित संसदीय व्यवस्था चाहिएको छ ? त्यसमा पनि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति/प्रधानमन्त्री हुने/नहुने विषयमा पनि राय मागिएको छ।

त्यस्तै, विज्ञ मन्त्री हुने/सांसद मन्त्री नहुने व्यवस्था उपयुक्त हो या होइन भन्नेमा पनि सरकारले चासो राखेको छ। यसभित्र मन्त्रिपरिषद् गठन र मन्त्रीको जवाफदेहिता लगायतका विषयमा छलफल चलिरहेको छ।

**निर्वाचन प्रणाली**

पछिल्लो समय निर्वाचन प्रणालीलाई लिएर बहस भइरहँदा सरकारले पनि यसलाई प्राथमिकतामा राखेको देखिन्छ। सरकारको तर्फबाट संविधान संशोधनको लागि राखिएको प्रस्तावमा प्रत्यक्ष निर्वाचित, पूर्ण समानुपाति वा मिश्रित निर्वाचन प्रणाली आवश्यक छ भन्ने विषयमा जिज्ञासा राखेको देखिन्छ।

'निर्वाचन प्रणाली कसरी थप लोकतान्त्रिक र समावेशी बनाउने' भन्दै सरकारले छलफलका लागि अघि सारेको प्रस्तावमा नोटा/राइट टु रिकल र विदेशमा रहेको नागरिकको मताधिकारको विषय पनि छ। यसबाहेक संघ, प्रदेश र स्थानीय तहको व्यवस्थापिकाको सुधारसहित राष्ट्रिय सभा अध्यक्ष/उपाध्यक्षको भूमिकाबारे पनि सरकारले छलफल प्रस्ताव गरिरहेको छ। यतिसम्म कि, संविधान संशोधनमाथिको छलफलमा निर्वाचनमा गठबन्धन संस्कृतिलाई कसरी व्यवस्थित बनाउने भन्ने विषय पनि सरकारको तर्फबाट छलफलका लागि प्रस्तावित छ।

**संघीयताको बहस**

संविधान निर्माणकै क्रममा सबैभन्दा पेचिलो बनेको संघीयताको बहस पनि अहिलेको संविधान संशोधन छलफलको क्रममा निकालिएको छ। यसमा सरकारले संघ, प्रदेश र स्थानीय तहसहितको प्रशासनिक र वित्तीय संघीयता कसरी प्रभावकारी बनाउने भन्ने विषयलाई प्राथमिकताका साथ उठाएको देखिन्छ।

जस्तो, प्रदेशसम्बन्धी विषयमा प्रदेशको संख्या र प्रादेशिक संरचनामा गर्न सकिने कामबारे पनि कार्यदलले विज्ञहरूको राय माग गरेको छ। त्यस्तै, प्रदेशको हकमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री हुनुपर्ने विषय सरकारको छलफलका बुँदामा छन्।

त्यसबाहेक मन्त्री/जनप्रतिनिधिको संख्या कति बनाउने ? प्रदेश मन्त्रालय र संरचना कसरी चुस्त/दुरुस्त बनाउने ? 'प्रदेश प्रमुख र निजको भूमिका, निजको अनुपस्थितिमा निजको काम प्रदेश भित्रबाटै कसरी गर्ने, विधेयक प्रमाणीकरण नगरेमा के हुने ?' लगायतका बुँदा सरकारले संविधान संशोधनका लागि प्रस्ताव गरेको विषयमा उल्लेख छन्।

स्थानीय तहको हकमा पनि तीन वटा बुँदा समेटिएका छन्। त्यसमा अहिलेकै दलीय व्यवस्था सहितको स्थानीय तह ठिक छ वा दलविहीन व्यक्तिगत प्रतिस्पर्धामा आधारित स्थानीय तह आवश्यक हो भन्ने विषयमा पनि सरकारले राय लिइरहेको छ। 'स्थानीय तहलाई कसरी उत्तरदायी बनाउने ?, न्यायिक समितिमा सुधार कसरी गर्ने ?' सहित विषय यसमा उल्लेख छ।

**न्यायपालिका सुधार**

सरकारले न्यायपालिकामा सुधार गर्न संविधानका कस्ता विषयमा सुधार आवश्यक छ भन्ने विषय पनि छलफलमा ल्याएको छ। स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका बनाउन गरिनुपर्ने सुधारसहितका आवश्यकतामाथि सरकारले प्राथमिकता दिएको देखिन्छ।

'प्रधानन्यायाधीश, सर्वोच्च अदालतको न्यायाधीश, उच्च अदालतको न्यायाधीश र जिल्ला अदालतको न्यायाधीशको नियुक्ति-योग्यता, पदावधि, उमेर हद, उच्च नैतिक चरित्र, आचरण, अनुशासन वा यसै प्रकृतिका विषयमा के गरिनुपर्छ,' कार्यदलले प्रस्ताव गरेको छलफलको विषयमा उल्लेख छ, 'अदालतकै तर्फबाट गठन भएका विभिन्न प्रतिवेदनहरूले उठान गरेका न्यायपालिकामा हुने विकृति, विसंगति बिचौलियाहरूको नियन्त्रण गर्ने विषयमा धारणा के छ ?'

त्यस्तै, न्यायपालिकामा हुन सक्ने राजनीतिक हस्तक्षेप अन्त्य गर्न र सबै तहका न्यायाधीशको पुनर्नियुक्ति गर्ने विषयमा पनि कार्यदलले राय माग गरेको छ। न्यायपरिषद्को संचनागत सुधार, न्यायपरिषद्मा कानुन मन्त्री, प्रधानमन्त्रीको सिफारिसमा नियुक्त कानुनविद् र नेपाल बार

बाँकी पृष्ठ ३ ▶▶

## सम्पादकीय...

### जानकी मन्दिर र विश्व सम्पदामा सूचीकरण मुद्दा

मधेश प्रदेशको राजधानीका रूपमा परिचित जनकपुरधाम नेपालको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पहिचान बोकेको जीवित सभ्यता हो। मिथिलाञ्चलको केन्द्रका रूपमा रहँदै आएको जनकपुरधामले नेपाल र भारतबीचको सांस्कृतिक सम्बन्धलाई शताब्दीयौँदेखि जोड्दै आएको छ। विशेषतः भगवान राम र माता सीताको विवाहस्थलका रूपमा विश्वभर परिचित मिथिला क्षेत्र हिन्दु आस्थाको महत्वपूर्ण धरोहर हो। यस ऐतिहासिक र धार्मिक महत्व बोकेको जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा समावेश गराउनु पर्छ। विगतमा अनेक प्रयास स्थानीय स्तरमा भएको छ। त्यही प्रयासको अर्को प्रयास "जनकपुरधाम सम्पदा यात्रा" पनि हो। यो सम्पदा यात्राले एउटा सकारात्मक र सशक्त रुपमा आवाज उठाउने प्रयास गरिएको छ।

जानकी मन्दिर प्राङ्गणबाट सुरु भएको यात्रा पेठिया बजार, रंगभूमि मैदान, रामजानकी विवाह मण्डप, अरगज्जा पोखरी, राम मन्दिर, धनुष सागर, गंगासागर लगायतका ऐतिहासिक तथा धार्मिक सम्पदाको परिक्रमा गर्दै महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक भवनमा पुग्यो। बाजागाजासहित निकालिएको उक्त पदयात्रामा स्थानीय युवा, विद्यार्थी, संस्कृति संरक्षणकर्मी तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको उत्साहजनक सहभागिताले जनकपुरधामको सम्पदा संरक्षणप्रति नागरिक चासो अझै जीवित रहेको सन्देश दिएको छ। जनकपुरधाममा रहेको जानकी मन्दिर धार्मिक स्थल मात्र नभएर मिथिला कला, स्थापत्य शैली र सांस्कृतिक वैभवको अनुपम नमुना हो। भारतको टिमकगढकी महारानीले निर्माण गराएको यो मन्दिर नेपालकै प्रमुख सांस्कृतिक धरोहरमध्ये एक हो। यसको ऐतिहासिकता, धार्मिक महत्व तथा वास्तुकलात्मक विशेषताले यसलाई विश्व सम्पदा सूचीमा समावेश हुन योग्य बनाउँछ।

विगतमा विभिन्न व्यक्ति तथा संस्थाबाट यसको लागि प्रयास गरे। राज्यस्तरबाट आवश्यक सक्रियता र दीर्घकालीन योजना अभावमा लक्ष्य हासिल हुन सकेको छैन। विश्व सम्पदा सूचीमा सूचीकृत हुनु भनेको अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्नु मात्र होइन, त्यस क्षेत्रको संरक्षण, प्रचारप्रसार र पर्यटन विकासका लागि विश्वव्यापी सहयोग प्राप्त गर्नु पनि हो। जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा समावेश गर्न सकिए नेपालको धार्मिक पर्यटनमा ठूलो टेवा पुग्नेछ। यसले देशभित्र तथा बाहिरबाट आउने पर्यटकको संख्या वृद्धि गर्नुका साथै स्थानीय अर्थतन्त्र, रोजगारी र सांस्कृतिक उद्योगलाई समेत मजबुत बनाउनेछ। सम्पदाको संरक्षण, व्यवस्थापन र स्वच्छताको जिम्मेवारी स्थानीय तह, प्रदेश सरकार र संघीय सरकार सबैले साझा रूपमा लिनुपर्छ। जनकपुरधामका पोखरी, मठमन्दिर, ऐतिहासिक स्थल तथा सांस्कृतिक परम्पराको व्यवस्थित संरक्षण बिना विश्व सम्पदा सूचीमा समावेश हुने सम्भावना कमजोर रहन्छ। अन्तर्राष्ट्रिय मापदण्ड अनुसार संरक्षण योजना तथा युनेस्कोसँग समन्वय प्रक्रिया अघि बढाउन आवश्यक छ। जसले जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन सफलता हासिल हुनेछ।

## झाडीमा लुकाइएको २७६ किलो गाँजा ..........

गाँजा बरामद गरेको जनाएको छ। उक्त स्थान कर्जन्हा नगरपालिकाको कार्यालयदेखि करिब ३ सय मिटर दूरीमा रहेको प्रहरीले जनाएको छ।

बरामद गरिएको गाँजा हाल इलाका प्रहरी कार्यालय मिर्चैयाको नियन्त्रणमा राखिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डीएसपी रमेशबहादुर पालले जानकारी दिए।

प्रहरीका अनुसार गाँजा कसले ल्याएको, कहाँबाट ल्याइएको तथा कुन प्रयोजनका लागि झाडीमा लुकाइ राखिएको हो भन्ने विषयमा अनुसन्धान अगाडि बढाइएको छ। घटनामा संलग्न व्यक्तिको पहिचान तथा पक्राउका लागि प्रहरी सक्रिय रूपमा परिचालित भएको जनाएको छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक

## आजको राशिफल

**मेष** : पारिवारिक सम्बन्धमा आत्मीयता र समन्वय थप सुदृढ हुँदै जाने संकेत देखिन्छ।

**बृष** : आत्मविश्वास र निर्णय क्षमतामा वृद्धि भई कार्यसम्पादनमा सकारात्मक ऊर्जा प्रवाह हुनेछ।

**मिथुन** : शारीरिक थकान वा सामान्य अस्वस्थताले दैनिक क्रियाकलापमा प्रभाव पार्न सक्छ।

**कर्कट** : आर्थिक पक्ष सुदृढ हुँदै जानेछ भने आम्दानीका स्रोत विस्तार हुने संकेत छन्।

**सिंह** : आर्थिक लाभका अवसरहरू प्राप्त भई वित्तीय स्थिति मजबुत बन्ने संकेत देखिन्छ।

**कन्या** : सामाजिक तथा धार्मिक क्रियाकलापमा सक्रिय सहभागिता रहनेछ।

**तुला** : खर्चमा वृद्धि र मानसिक अशान्ति अनुभव हुन सक्ने अवस्था देखिन्छ।

**वृश्चिक** : दाम्पत्य तथा प्रेम सम्बन्धमा समझदारी र सौहार्दता वृद्धि हुनेछ।

**धनु** : ऊर्जा, उत्साह र जोशमा वृद्धि भई कार्यक्षमतामा सकारात्मक प्रभाव पर्नेछ।

**मकर** : मनोरञ्जनात्मक यात्रा वा रमाइलो भ्रमणको अवसर प्राप्त हुनसक्छ।

**कुम्भ** : अनावश्यक खर्च र विवादको सम्भावना बढ्न सक्ने भएकाले संयमता आवश्यक हुनेछ।

**मीन** : पारिवारिक सहयोग र समर्थन प्राप्त भई आत्मबल उच्च रहनेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

## बालअधिकार सुनिश्चित गरौं

**बालअधिकार**:
- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार।
- हिंसा र शोषणबाट जोगिने अधिकार।
- अभिव्यक्ति र सहभागिताको अधिकार।
- माया, स्नेह र संरक्षण पाउने अधिकार।
- खेल र मनोरञ्जनको अधिकार।

**त्यसैले**,
- बालश्रम अन्त्य गरौं।
- सबै बालबालिकालाई विद्यालय पुऱ्याऔं।
- बालबालिकाको आवाज सुन्ने संस्कार बसालौं।
- बालमैत्री समाजको निर्माण गरौं।

"आजका बालबालिका. भोलिका कर्णधार"

**सखुवानन्कारकट्टी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, सखुवानन्कारकट्टी**
मधेश प्रदेश, सिरहा (नेपाल)

# आमाको तस्बिर नियाल्दै न्याय पर्खिरहेकी छिन् काजल

अपन दैनिक संवाददाता
राजविराज, जेठ ०३ गते





आमाको 'हत्या'पछि सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-५, बनरझुलाकी १२ वर्षीया काजलकुमारी राय निदाउन सकेकी छैनन्। एक सातासम्म बेपत्ता पारिएकी उनकी ३६ वर्षीया आमा अनितादेवीको शव गत बुधबार कोशी नदीको पश्चिमी किनारमा हातखुट्टा बाँधिएको अवस्थामा भेटिएको थियो। गलिसकेको आमाको शव अझै उनको आँखै अगाडि घुमिरहँदा काजल निदाउन पाएकी छैनन्।

आइतबार त्यहाँ पुग्दा घरअगाडि बसिरहेकी किरियापुत्री काजल आमाको तस्बिर नियाल्दै न्यायका लागि बर्बराइरहेकी थिइन्। 'त्यो राति म जन्ती नगएको भए हुन्थ्यो, आमा घरमा एक्लै भएर हत्या गरिदियो,' उनी भन्छिन्, 'आमाको हत्यारालाई पनि छोड्नुभएन।' बोलिरहँदा उनको आँखा आँसुले भरिएको थियो। उनकी आमा बेपत्ता पारिएपछि जन्तीमा रहेकी काजललाई फोनमा 'गाई हराइसकेको' भनी बोलाएका थिए। तर, घर फर्किंदा गाई गोठमै देखेपछि उनले आमालाई खोज्दै पटक-पटक छिमेकी र गाउँलेसँग सोधिरहिन्।

उनका बुवा वीरेन्द्र छुट्टीमा फर्किएर ३ महिनाअघि मात्रै फेरि वैदेशिक रोजगारीका लागि कतार पुगेका थिए। काजलकी दिदी घरमा रहँदा उनी आमासँगै घरमा बस्दै आएकी थिइन्। तर, अघिल्लो बुधबार (२३ वैशाख) काजल जन्तीमा अमर्बा टोल पुगेकी थिइन्। त्यही राति उनकी आमा अनितादेवीलाई ५/७ जनाको समूहले घरबाटै बेपत्ता पारेका थिए। भोलिपल्ट अनितादेवीलाई घरमा नदेखेपछि छिमेकीले खोजी सुरू गरेका थिए।

घरभित्र रगतका छिटा देखिएपछि उनीहरूले नै प्रहरीलाई जानकारी गराएर काजललाई पनि फोन गरेर बोलाएका थिए। गाउँले र प्रहरी मिलेर खोज्दै जाँदा गत बुधबार अनितादेवीको शव सोही वडाको ९ किलोमिटर भन्ने ठाउँमा कोशी नदीमा भेटिएको थियो। 'भाउजू (अनितादेवी)कै साडीले घाँटी कसेको, हात-खुट्टा बाँधिएको तथा खुट्टा र टाउकोतिर १०/१२ किलोको ढुंगा बेरिएको अवस्थामा शव भेटियो,' मृतककी नन्द राधा रायले भनिन्, 'घेरिएको बाटो खुलाइदिन भाउजूले पटक-पटक छिमेकीलाई भन्दै आएको निहुँमा छिमेकीले नै घरमा कोही नरहेको मौका छोपेर हत्या गरिदियो।'

घटनापछि गत शुक्रबार कतारबाट फर्किएका मृतकका श्रीमान् वीरेन्द्रले पनि बाटोको विषयमा छिमेकीसँग महिनौंदेखि विवाद रहेको बताए। 'बेपत्ता पारिएको राति ११ देखि १२ बजेसम्म श्रीमान्-श्रीमती फोनमा कुराकानी गरेका थियौं, घरसम्म पुग्ने बाटो नरहँदा समस्या भइरहेको विषयमा फोनमा पनि बताएकी थिइन्' उनले भने, 'भोलिपल्ट फेरि पटक-पटक फोन गर्दा सम्पर्क हुन सकेन। केहीबेरमा छिमेकीले फोन गरेर जानकारी गराएपछि मैले घटनाबारे थाहा पाए।'

वीरेन्द्रले हत्यारालाई हदैसम्मको कारबाही हुनुपर्ने माग गरे। 'प्रहरीले २ जना छिमेकीसहित ३ जनालाई नियन्त्रणमा लिएको जानकारी पाएँ,' उनले भने, 'श्रीमतीको हत्या गर्नेलाई कडाभन्दा कडा सजाय दिलाउनमा सहयोग गरिदिन सबै पक्षसँग आग्रह छ।'

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी डम्बरबहादुर पुरीले ती घटनामा केही आरोपीलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको बताए। 'महिलाको हात पछाडि फर्काएर तथा खुट्टा पनि बाँधिएको अवस्थामा शव फेला पारेका थियौं,' उनले भने, 'पोस्टमार्टम रिपोर्ट अझै आइसकेको छैन। थप अनुसन्धान भइरहेको छ।'

# जर्मनीमा ४ सय विद्यार्थी पढ्ने कलेज चलाउँदै जनकपुरका जयकृष्ण




अपन दैनिक संवाददाता
जनकपुरधाम, जेठ ०३ गते

जनकपुरका जयकृष्ण ठाकुरले सन् २०२३ देखि जर्मनीको बर्लिनमा युरोपियन इन्स्टिच्युट अफ इनोभेसन अन्टरप्रेनरसिप एन्ड टेक्नोलोजी (इआईआईटी) सञ्चालनमा ल्याएका छन्।

अहिले उक्त कलेजमा करिब ४ सय विद्यार्थी अध्ययनरत छन्। युनिभर्सिटीको संरचनाअनुसार अघि बढेको इआईआईटीमा टुरिजम एन्ड हस्पिटालिटी म्यानेजमेन्ट, बिजनेस एन्ड इन्फर्मेसन, हेल्थ केयर म्यानेजमेन्ट, आइटी लगायतका विषयको पढाइ हुन्छ।

सन् २०१० मा पानीको स्रोत व्यवस्थापन विषयमा पिएचडी गर्न ठाकुर जर्मनी पुगेका थिए। त्यसअघि उनले नेदरल्यान्डमा १८ महिना अध्ययन गरेका थिए। भारतको जवहरलाल नेहरू युनिभर्सिटीबाट मास्टर्स, त्रिचन्द्र कलेजबाट स्नातक तथा १२ कक्षासम्मको अध्ययन जनकपुरमै गरेका ठाकुरले नेपालमा रहँदा स्कुल तथा कलेजहरूमा अध्यापन पनि गरेका थिए।

सन् २००५ मा भारत पढ्न जानुअघि उनले ६ महिना विश्व भाषा कलेजमा जर्मन भाषा पढेका थिए। भारत पुगेपछि युरोप, अमेरिका, रूस लगायतका देशका विद्यार्थीहरूसँग उनको भेट भयो। त्यसपछि आफूलाई अझ अगाडि बढाउन विदेशमा अध्ययन आवश्यक रहेको महसुस भएको उनले बताए। आफैले केही गर्नुपर्छ भन्ने सोचका कारण विदेश जान चाहना बलियो बन्दै गएको उनको भनाइ छ।

सन् २०१३ मा जर्मनीबाट पिएचडी सकेपछि ठाकुरले वातावरण तथा सूचना प्रविधिको क्षेत्रमा काम गरे।

'पानीको स्रोत व्यवस्थापन विषयमा पढेको भए पनि मैले प्रविधिको क्षेत्रमा धेरै काम गरें। पिएचडी पढ्दै गर्दा मैले कम्प्युटर सफ्टवेयर र आइटीको पनि अध्ययन गरेको थिएँ,' उनले भने, 'नेपालमा ठाकुर इन्टरनेसनल स्थापना गरेर सन् २०१३ देखि मैले आउटसोर्सिङ समेत सुरू गरें। मोबाइल एप र वेबसाइट डिजाइनको काम

बाँकी पृष्ठ ४ ▸▸

## प्राथमिकतामा छन् प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र गैरदलीय ...............

एसोसिएसनको प्रतिनिधिको उपस्थिति रहने वा नरहने विषयमा पनि सुझाव दिन कार्यदलले भनेको छ।

संवैधानिक परिषद्मा प्रधानन्यायाधीश सदस्य हुने वा नहुने ?, प्रतिस्पर्धात्मक विधिबाट न्यायाधीश नियुक्ति गर्नेसम्बन्धी विषय र विधि के-के हुन सक्छन् ?, न्यायाधीश नियुक्तिमा नेपाल न्याय सेवामा कार्यरत अधिकृत कर्मचारीको वृत्ति विकास र कानुन व्यवसायीको नियुक्तिमा सन्तुलन कायम गर्ने विषयमा के गर्न सकिन्छ ? भन्ने विषय उल्लेख छ।

त्यस्तै, संवैधानिक इजलासको आवश्यकता र औचित्यसम्बन्धी विषय पनि कार्यदलको चासोमा छ। सर्वोच्च अदालतमा मुद्दाको चाप घटाउन उच्च अदालतलाई अधिकार थप गर्नेसम्बन्धी विषयमा पनि कार्यदलले विज्ञको राय मागेको छ।

**संवैधानिक निकाय**

संवैधानिक निकायहरूमा गर्नुपर्ने परिवर्तनका कुराहरू पनि संविधान संशोधन कार्यदलले उठाएको छ। यसले संवैधानिक निकायको संख्या, पदाधिकारीको संख्या, पदाधिकारी नियुक्तिलाई कसरी उत्कृष्ट बनाउने विधि/प्रक्रिया, संवैधानिक निकायको स्वायत्तता र उत्तरदायित्वमा सन्तुलन कायम गर्ने तरिकाबारेको छलफल कार्यदलले प्रस्ताव गरेको छ।

यसले प्रदेश लोकसेवा आयोगको आवश्यकता र औचित्यमाथि पनि चासो राखेको छ। संवैधानिक निकायको हकमा यिनै कुरा समेट्दै कार्यदलको छलफलका बुँदामा उल्लेख छ, 'महाभियोग/संसदीय सुनुवाइको औचित्य, सिफारिस र प्रतिवेदन कार्यन्वयनसहित प्रदेश लोकसेवा आयोगको आवश्यकता औचित्यबारे' कार्यदलले राय माग गरेको छ।

यसबाहेक संसद्को अधिवेशनलाई स्वचालित बनाउने, गैरआवसीय नेपाली नागरिकता र उनीहरूको अधिकार, जनप्रतिनिधिको योग्यता र उमेर हद, एक व्यक्ति कति पटक जनप्रतिनिधि हुन सक्ने, धारा ५४ नीति निर्देशक सिद्धान्तका प्रगतिशील कार्यान्वयन, धारा १११ को उपधारा ५ सङ्घीय व्यवस्थापन विधिमा सुधार, सजाय माफी, मुल्तवी, परिवर्तन वा सजाय कमसम्बन्धी व्यवस्था, विधेयक प्रमाणीकरणसम्बन्धी व्यवस्था, मैलिक हक कार्यान्वयनसम्बन्धी व्यवस्था र मुख्यन्यायाधिवक्ता हटाउने वा अभियोजनको अधिकार दिने लगायतका विषयमा कार्यदलले राय मागिरहेको छ।

सरकारले उठाएका बाहेकका विषयमा पनि सम्बधित विज्ञलाई लागेका छन् भने पनि संविधान संशोधनका लागि राय दिन भनिएको छ। र, योसँगै लिखित सुझाव दिने व्यवस्था पनि कार्यदलले गरेको छ।

**अपन दैनिक पत्रिका**

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

## मिथिला नगरपालिकाका ४८३ परिवारले पाए ............

पूरा गरेर लालपुर्जा वितरण गरिएको बताए। उनका अनुसार सो टोलीको कार्यालयमा ६५८ जनाले लालपुर्जाका लागि निवेदन दिएको थिए।

यसअघि सो टोलीले उक्त पालिकाको वडा नं १, ६ र ७ का ६४ (भूमिहीन) सुकुमबासी परिवारलाई सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरी लालपुर्जा वितरण गरेको थियो। नापी कार्यालय धनुषाको दुई नं टोलीद्वारा गाउँ ब्लकको जग्गा नापजाँच गरेर लालपुर्जा वितरण प्रक्रिया सुरु गरेको थियो। त्यसको आधारमा लालपुर्जा वितरण गरिएको प्रमुख साहले जानकारी दिए।

साहका अनुसार आइतबार यहाँ आयोजित समारोहमा जिल्ला समन्वय समितिका प्रमुख राजनन्दन मण्डल, मिथिला नगरपालिकाका प्रमुख महेन्द्र महतोलगायत पदाधिकारीले सम्बन्धित जग्गाधनीलाई सो जग्गाधनी लालपुर्जा वितरण गरेको हो।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख मण्डलले लामो समयको सङ्घर्ष पश्चात लालपुर्जा प्राप्त गर्नेलाई बधाई दिँदै लालपुर्जा पाउने प्रक्रियाबाट छुटेकाहरूलाई यथाशीघ्र कानुनी प्रक्रिया पूरा गरेर निजको भोगाधिकार दिलाउन लालपुर्जा वितरण गर्न अनुरोध गरे। साथै पालिका प्रमुख, उपप्रमुख तथा वडाध्यक्षहरूले आपसी विवादबाट मुक्त भई कार्य गर्न आग्रह गरे।

मिथिला नगरपालिकाका प्रमुख महतोले लामो समयदेखि लालपुर्जा नपाएका भूमिहीनले अहिले लालपुर्जा प्राप्त गरेर रैतीबाट शासक बनेका भन्दै सबैको सहकार्य र समन्वयमा नगरको विकास गर्नुपर्ने आवश्यकता औंल्याए।

धनुषाका ७५ वटा गाउँब्लक छन्। तीमध्ये ७२ वटा गाउँब्लकको जग्गा नापजाँच भइसकेको छ। त्यसअन्तर्गत १२ वटा गाउँब्लकको धनीपुर्जा वितरण भइसकेको नापी कार्यालयले जनाएको छ।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :**

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ।
- दिमागमा असर पर्नसक्छ।
- समयमा नसुत्न सक्छन्।
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्।
- एकान्तमा बस्न मन पराउन सक्छन्।
- झिज्याहट हुन सक्छ।
- साथीहरूसँग घुलमिल नहुन सक्छन्।
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्।
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)

## 'रिकन्साइल डाटा'मा विद्युत प्राधिकरणको ...............

प्रणालीमाथि प्रश्न उठाएका छन्। नियमित रूपमा महसुल तिर्दै आएका ग्राहकलाई वर्षौं पुरानो बक्यौता देखाएर रकम असुल्न खोजिएको भन्दै उपभोक्ताहरू आक्रोशित बनेका छन्।

स्थानीय उपभोक्ताका अनुसार यदि प्राधिकरणको प्रणालीगत कमजोरी वा डाटा मिलान त्रुटिका कारण यस्तो भएको हो भने त्यसको भार उपभोक्तामाथि थोपर्न नहुने उनीहरूको माग छ।

ऊर्जा क्षेत्रमा काम गर्ने जानकारहरूका अनुसार 'रिकन्साइल डाटा' अर्थात् पुराना अभिलेख मिलान गर्ने प्रक्रियामा त्रुटि भए उपभोक्तालाई अनावश्यक आर्थिक भार पर्न सक्छ। यस्तो अवस्थामा प्राधिकरणले पारदर्शी आधार, पुरानो बिल विवरण र प्रमाणसहित मात्र दाबी प्रस्तुत गर्नुपर्ने उनीहरूको भनाइ छ।

सिरहामा देखिएको यो विवादले नेपाल विद्युत प्राधिकरणको बिलिङ प्रणाली, डाटा व्यवस्थापन र उपभोक्ता अधिकार संरक्षणमाथि फेरि प्रश्न खडा गरेको छ। उपभोक्ताहरूले तत्काल छानबिन गरी वास्तविकता सार्वजनिक गर्न तथा अन्यायपूर्ण रूपमा थपिएको रकम सच्याउन माग गरेका छन्।

**माइग्रेसन हरायो सूचना**

मिति २०८१/०१/२७ गते बर्दिवास देखि गोलबजारसम्म जादा मेरो निम्न ब्यहोरा भएको +२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मो. नं. ९८४००१५०१८ मा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**नाम** : रमेश कुमार सिंह
**रजिष्टर नं.**: ६५१७१२१३३ **सिम्बल नं.**: २१७१२१३० **वर्ष**: २०६६
**ठेगाना**: बर्दिवास न.पा. वडा नं. ९, महोत्तरी



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४

यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

०४ जेठ ०८३ सोमबार
www.apandainik.com
अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# बौधीमाईका मेयरमाथि कार्यालयमै बोलाएर शिक्षक कुटपिटको आरोप

**अपन दैनिक संवाददाता**
**रौतहट, जेठ ०३ गते**

बौधीमाई नगरपालिकाका शिक्षा संयोजक रमेश यादवले २९ बैशाखमा फोन गरेर 'प्रमुख प्रशासकीय अधिकृतले बोलाउनु भएको छ आउनुस्' भनेपछि बौधीमाई-८ स्थित श्रीशंकर माध्यमिक विद्यालयमा शिक्षक रामबाबु यादव दिउँसो नगरपालिका कार्यालय पुग्छन्। फोन आएको ४५ मिनेटपछि उनी हतारिँदै नगरपालिका कार्यालय पुगेका थिए।

यादव सिधै प्रमुख प्रशासकीय अधिकृत उदयशंकर चौधरीको कार्यकक्षमा पुग्छन् र सोध्छन्- तपाईंले बोलाउनु भएको हो ? चौधरीले जवाफ दिन्छन्, 'मैले होइन मेयर साहबले बोलाउनु भएको होला।' यसपछि शिक्षक रामबाबु मेयर प्रदिपकुमार यादवको कार्यकक्षतर्फ जान्छन् । ढोकामा उभिइरहेका सुरक्षागार्ड गजेन्द्र यादवले उनलाई भित्र लैजान्छन्। मेयरको कार्यकक्षमा वडाअध्यक्ष विन्देश्वर यादवलगायत ७-८ जना बसिरहेका थिए। उनलाई देख्नासाथै मेयर प्रदिपकुमारले सामाजिक सञ्जाल पोष्ट देखाउँदै (भदौ २३, २४ को जेन-जी आन्दोलन सामाजिक सञ्जालमा गरेको पोष्ट) सोध्छन्, 'यो तपाईंले नै पोष्ट गर्नु भएको हो ?' रामबाबु जवाफ दिन्छन्, 'हो'।

शिक्षक रामबाबुले सामाजिक सञ्जालमा 'म्यादी वडाअध्यक्ष र मेयरसाहबहरू अब तपाईं कुन पार्टीको मेयर र मुखिया छौं। अलिकति पनि लाज छैन राजीनामा देउ' भनेर पोष्ट गरेका थिए । रामबाबुले 'हो' भन्ने जवाफ दिनासाथ मेयर प्रदिपकुमारले अन्धाधुन्दा कुटपिट र डोरी मगाएर घाटीमा पाँसो लगाउन लगाएको आरोप छ।

शिक्षक रामबाबुमाथि कुटपिटको घटना सार्वजनिक भएसँगै घटनासँग जोडिएका ७ जनासँग हामीले कुराकानी गरेका छौं।



कुटपिटपछि मेयरको निर्देशनमा नगर प्रहरीको हिरासत कक्षमा आफूलाई ६ घण्टासम्म थुनेर राखेको शिक्षक रामबाबुले बताए । दिउँसो साढे २ बजेदेखि थुनेर औषधि समेत खान नदिइ राखेको उनको भनाइ छ। त्यहाँबाट निकालेर राति ९ बजे नगर प्रहरीले बंकुल प्रहरी चौकी लगेका थिए।

प्रहरी चौकीका असई कुलानन्द यादवले मेयर प्रदिपकुमारले एकजना शिक्षक हाम्रो नियन्त्रणमा छ, बुभ्नु होला भनेर फोन गरेको जानकारी दिए। 'रातिको समय, एउटा सरकारी कर्मचारीलाई नियन्त्रणमा लिएको र बुझाउन आएपछि हामीले बुझ्न मानेनौं,' उनले भने, 'मैले तत्कालै जिल्ला प्रहरी प्रमुख एसपी सा'बलाई जानकारी गराए। जिल्लाबाट नबुझ्न आदेश आयो। तर, घटाना के हो ? बुझ्नु भन्ने निर्देशनपछि शिक्षकलाई नगर प्रहरीले फिर्ता लगे।' चौकीबाट फिर्ता गरिएपछि शिक्षकलाई राति साढे ९ बजेतिर नगर प्रहरीले आफन्तको जिम्मा लगाएको थियो।

भोलिपल्ट ३० बैशाखमा शिक्षक रामबाबु मेयरविरुद्ध उजुरी दिन जिल्ला प्रहरी कार्यालय पुगेका थिए। यसअघि उनी कुटपिटबाट लागेको घाउ जाँच गराउन अस्पताल गएका थिए । दाहिने हातमा चोट लागेका कारण ब्यान्डेज गराएका थिए। जिल्ला प्रहरी कार्यालयमा प्रहरी उपरीक्षक सीताराम रिजालसँग भेटेर घटनाबारे जानकारी गराए । 'एसपी रिजालले कुटपिट भएको हो भने प्रमाणसहित आउनु भनेर पठाइदिए,' उनले भने। मेयरले कुटेकै हो भने प्रमाण ल्याउनु पर्‍यो, त्यतिकै आरोप मात्र लगाएर भएन भन्दै फर्काइदिएको उनले बताए।

'म अहिले बोल्न सक्ने अवस्थामा छैन। नगरप्रमुख जस्तो व्यक्तिले ज्यानै लिनेसम्मको काम गरे,' घटना बारे उनले भने, 'जिल्ला प्रहरी प्रमुख एसपी समक्ष निवेदनसहित कारबाहीको माग लिएर जाँदा प्रमाण लिएर आउनुस् भनेर फर्काउनु भयो। म न्याय माग्न कहाँ जाउ ?'

**मेयर प्रदिपकुमार भन्छन्- राजनीतिक रुपमा प्रेरित सस्तो नाटक**

घटना बारे मेयर प्रदिपकुमार यादव भने राजनीतिक रुपमा प्रेरित 'सस्तो नाटक' मात्रै भएको बताउँछन्। उनले आफूमाथि लागेका सबै आरोप निराधार र कपोलकल्पित भएको बताए । शिक्षक रामबाबुमाथि कुनै किसिमको दुर्व्यवहार र कुटपिट नभएको उनको भनाइ छ। 'शिक्षक जस्तो मानिसले सामाजिक सञ्जालमा मेयरलगायतका जनप्रतिनिधिहरूविरुद्ध जुन स्टाटस लेखेका छन् त्यो एकदमै खेदजनक छ,' उनले भने, 'कार्यपालिकाको बैठकमै बोलाएर शिक्षकलाई सोधेका हौँ। समान्य सवालजवाफ मात्र भएको हो। मैले कुनै किसिमको कुटपिट गरेको छैन् । यो सब शिक्षक रामबाबुको नाटक हो।' उनी घाइते भएको भन्ने आरोप समेत झुठो भएको दाबी गरे।

**शिक्षकहरू आन्दोलनको तयारीमा**

मेयरमाथिका कारबाहीको माग राखी जिल्ला प्रहरी गौरमा दिएको निवेदन उपर कारबाही अघि नबढाएको भन्दै शिक्षकहरूले आन्दोलनको तयारी गरेका छन्।

# धनुषाका मिटरब्याजपीडितहरू अनिश्चितकालीन आन्दोलनमा, प्रहरी कार्यालय अगाडि प्रदर्शन

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ ०३ गते**

धनुषाका मिटरब्याजपीडितहरूले अनिश्चितकालीन आन्दोलन सुरु गरेका छन्। विभिन्न मागहरू राख्दै उनीहरूले आइतबार जिल्ला प्रहरी कार्यालय अगाडि प्रदर्शन गरेका छन्।

केही दिनअघि धनुषाको फुलगामा ४ की मिटरब्याजपीडित सुनिता साहलाई प्रहरीले उल्टै पक्राउ गरी पीडामाथि पीडा थपेको भन्दै आफूहरूले प्रहरी प्रशासनविरुद्ध अनिश्चितकालीन आन्दोलन सुरु गरेको मिटरब्याजपीडित किसान मजदुर आन्दोलन नेपाल, धनुषा जिल्ला अध्यक्ष सम्भु प्रसाद यादवले जानकारी दिए।

मिटरब्यजीहरूलाई कारवाही गर्नुको साटो प्रहरीले उल्टै पीडितहरूलाई समातेर जेल पठाउने गरेको घटनाहरू अगाडि आउन थालेपछि आफूहरूले बाध्य भएर जिल्ला प्रशासन कार्यालय, जिल्ला



प्रहरी कार्यालय, जिल्ला अदालत र सरकारी वकिल कार्यालय अगाडि प्रत्येक दिन शान्तिपूर्ण धर्ना र विरोध गर्ने अध्यक्ष यादवले बताए।

अध्यक्ष यादवले राष्ट्रिय स्वतन्त्र पार्टीले आयोजना गरेको प्रादेशिक भेलामा मधेश प्रदेशमा विद्यमान मिटरब्याजको समस्या समाधान गर्ने घोषणा गरेकोमा हालसम्म कुनै समाधानतर्फ सरकारले ध्यान नदिएको अध्यक्ष यादवले गुनासो गरे।

गत वैशाख २१ गते केन्द्र र प्रदेशमा ज्ञापनपत्र बुझाएर सरकारलाई ध्यानाकर्षण गराए पनि आफूहरूको समस्याको कुनै सामाधान सरकारले गर्न नखोजेकोमा अध्यक्ष यादवले खेद प्रकट गरेका छन्।

उनीहरूले पक्राउ गरेका मिटरब्याजपीडितहरूलाई रिहा गर्न र मिटरब्याजीहरूलाई पक्राउ नगरेसम्म विरोध प्रदर्शन जारी राख्ने चेतावी दिएका छन्। धनुषामा मात्र मिटरब्याज पीडितको संख्या ७० हजार रहेको छ।

# 'संविधान संशोधनमा कानुन व्यवसायीको भूमिका महत्वपूर्ण'

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ ०३ गते**

संविधान संशोधनमा कानुन व्यवसायीहरूको भूमिका महत्वपूर्ण रहेको विषयमा जोड दिइएको छ।

मुख्य न्यायाधिवक्ताको कार्यालय मधेश प्रदेशको आयोजना तथा जनकपुर बार एसोसिएसनको सह-आयोजनामा आइतवार भएको एक कार्यक्रममा बोल्ने वक्ताहरूले न्याय क्षेत्रसँग सम्बन्धित विषयको संविधान संशेधनमा कानुन व्यवसायीहरूको भूमिका महत्वपूर्ण रहने बताएका हुन्।

कार्यक्रमका मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवले संविधान संशोधनलाई समयानुकूल बनाउँदै न्याय प्रणालीलाई अझ प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउनुपर्ने आवश्यकता औंल्याए।

उनले भने, 'संविधान कुनै स्थिर दस्तावेज मात्र नभई यो समय र समाजसँगै परिमार्जन हुँदै जाने जीवित दस्तावेज हो। न्याय क्षेत्रको अनुभव र कानुन व्यवसायीहरूको सुझावलाई समेटेर मात्र प्रभावकारी संशोधन सम्भव हुन्छ।'

नेपाल बार एसोसिएसनका केन्द्रीय अध्यक्ष प्राडा विजय कुमार मिश्रको उपस्थिती रहेको सो कार्यक्रममा मुख्य न्यायाधिवक्ता डा सुनिल रञ्जन सिंहले संविधान संशोधन प्रक्रियामा कानुन व्यवसायीको भूमिका अत्यन्त महत्वपूर्ण रहने कुरामा जोड दिए। उनले भने, 'न्याय प्रशासनलाई सुदृढ बनाउन व्यवहारिक अनुभवमा आधारित सुझाव आवश्यक हुन्छ।'



संविधान संशोधन राजनीतिक प्रक्रिया मात्र नभई यो राज्य सञ्चालनको न्यायिक आधारलाई अझ मजबुत बनाउने अभ्यास रहेको भन्दै कानुन व्यवसायीहरूको प्रत्यक्ष अनुभवले नीति निर्माणलाई यथार्थपरक बनाउन मद्दत गर्ने बताए।

कार्यक्रममा सहभागी कानुन व्यवसायीहरूले संविधान संशोधन, न्यायिक पहुँच विस्तार तथा न्याय प्रणालीमा देखिएका वर्तमान चुनौतीबारे आफ्ना धारणा राखेका थिए। उनीहरूले यस्ता अन्तरक्रिया कार्यक्रमहरूले नीति निर्माण र कानुनी सुधारमा सकारात्मक प्रभाव पार्ने बताए।

नेपाल बार एसोसिएसन धनुषाका अध्यक्ष विमलकुमार मिश्रको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेश प्रदेशका आठवटै जिल्लाका बार इकाइका अध्यक्ष तथा सचिवहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा संविधानविद् उपेन्द्र केसी न्यौपाने, मुख्य न्यायाधिवक्ता टेकनारायण कुँवर लगायतले पनि आ-आफ्ना धारणा राखेका थिए।

## जर्मनीमा ४ सय विद्यार्थी पढ्ने कलेज चलाउँदै ..............

हामीले गरेका थियौं।'

सन् २०१४ मा वातावरण तथा सूचना प्रविधि केन्द्र स्थापना गरेका थिए। यसअन्तर्गत उनले वातावरण तथा सूचना प्रविधिसम्बन्धी काम गर्दै आएका छन्।

उनलाई स्टार्टअप तथा इनोभेसन प्रवर्द्धनमा विशेष चासो थियो। नेपाल सहित दक्षिण एसियाका विद्यार्थी जर्मनी जाने तर पढाइ र कामबीच ठूलो दूरी हुने अनुभव उनले गरेका थिए। यही दूरी कम गर्न आफूले क्याम्पस स्थापना गरेको उनले बताए।

'नेपाली सहित दक्षिण एसियाका विद्यार्थीको पहिलो लक्ष्य जर्मनीको भिसा लिनु र दोस्रो लक्ष्य सस्तो कलेज खोजेर पास हुनु मात्र रहेको मैले पाएँ। कलेजले पनि विद्यार्थी त लिन्छन्, तर उनीहरूको भविष्यबारे खासै चिन्ता गर्दैनन्,' उनले भने, 'मैले स्टार्टअप तथा इनोभेसन प्रवर्द्धनलाई अघि बढाउन सक्ने गरी इआइआइटी स्थापना गरेको हुँ। अब यसले विस्तारै गति लिइरहेको छ। यसबाट नेपाली विद्यार्थीका साथै दक्षिण एसियाकै विद्यार्थीलाई अघि बढाउने मेरो लक्ष्य हो।'

बेलायत बाहेकका युरोपियन देशहरूमा युनिभर्सिटीको संरचनामा जाने गरी कलेज खोल्ने आफू पहिलो नेपाली रहेको उनको दाबी छ।

उनका अनुसार दुई वर्षअघि स्थापना भएको कलेजले आफ्नो सञ्चालन खर्च उठाइसकेको छ । त्यसैले फ्रान्स र माल्टामा समेत कलेज स्थापना गर्ने अन्तिम तयारी भइरहेको उनले बताए । साथै, मोन्टेनेग्रोमा मेडिसिन फ्याकल्टी सञ्चालन गर्न प्रक्रिया सुरू गरिएको पनि उनले जानकारी दिए।

'सीमित स्रोत-साधनमा कसरी धेरै लगानी गरेर प्रतिफल लिन सकिन्छ भन्नेमा मलाई राम्रो ज्ञान छ। त्यसैले पनि मैले व्यवसायलाई अघि बढाउन सकेको छु' उनले भने, 'म सातै दिन आफ्नो काममा खटिन्छु । त्यसैले कलेज सञ्चालनको छोटो समयमै अन्य क्षेत्रमा पनि अघि बढ्ने साहस आएको हो।'

अत्याधुनिक विकास, बलियो अर्थतन्त्र र सामाजिक सुरक्षाका कारण जर्मनी नेपाली विद्यार्थीका लागि महत्वपूर्ण गन्तव्य हुन सक्ने उनको अनुभव छ। तर जर्मनी आउँदा भाषा र सीपमा विशेष ध्यान दिनुपर्ने उनको सुझाव छ।

प्राविधिक शिक्षा लिएर त्यसलाई सीपसँग जोड्न सके जर्मनीमा अवसर धेरै रहेको भन्दै उनले आफ्नो प्रयास त्यस्तै जनशक्ति निर्माणमा केन्द्रित रहेको बताएका छन्।

## ४० लाखको अवैध सामानसहित ट्रक ................

अनुमानित मूल्य करिब ४० लाख रुपैयाँ रहेको छ। नियन्त्रणमा लिइएको ट्रक र सामान आवश्यक कारबाहीका लागि सिरहा भन्सार कार्यालय माडर पठाउने प्रक्रिया अघि बढाइएको उनले जानकारी दिए।

यसअघि पनि वैशाख २० गते औरही गाउँपालिका-४ कमलपुर (दक्षिणवाइटोल) निवासी भोगिलाल यादवको घरमा विशेष सूचनाका आधारमा गरिएको खानतलासीका क्रममा करिब ५ लाख रुपैयाँ बराबरको अवैध लत्ताकपडा बरामद गरिएको थियो। प्रारम्भिक अनुसन्धानअनुसार ती सामग्री भारतबाट भन्सार छली गरी नेपाल भित्र्याइएको देखिएको सुरक्षा स्रोतले जनाएको छ।

घटनामा संलग्न अन्य व्यक्तिहरू तथा सम्भावित तस्करी सञ्जालबारे थप अनुसन्धान भइरहेको जनाइएको छ।

स्थानीय स्रोत र सरोकारवालाहरूका अनुसार नेपाल-भारत सीमावर्ती क्षेत्रमा तस्करी नयाँ विषय होइन, बरु "खुला रहस्य" कै रूपमा स्थापित भइसकेको छ । केही सुरक्षाकर्मी र भन्सार कर्मचारीबीच हुने कथित मिलेमतोका कारण अवैध सामानको ओसारपसार सहज हुने गरेको आरोप पटक-पटक उठ्दै आएको छ।

स्थानीयवासीहरू भन्छन्, "एकातिर कडाइको दाबी गरिन्छ, अर्कोतर्फ सीमामा खुल्लमखुल्ला सामान आवतजावत भइरहेको देखिन्छ।"

स्रोतहरूका अनुसार सीमावर्ती अवैध व्यापार एकतर्फी मात्र नभई द्विदिशात्मक रूपमा सञ्चालन हुँदै आएको छ । नेपालबाट भारततर्फ रक्सी, गाँजा तथा चिनियाँ स्याउजस्ता सामग्री जाने गरेको बताइन्छ भने भारतबाट मोटर पार्ट्स, इलेक्ट्रोनिक्स सामग्री, लत्ताकपडा, खाद्यान्न तथा रजनीगन्धा, राजनिवासजस्ता सुर्तीजन्य पदार्थ नेपाल भित्रिने गरेको स्थानीयहरूको दाबी छ।

## जनकपुर उच्च ............

त्यसैगरी, २०८१ साल पुस मसान्तसम्म दर्ता भई बाँकी रहेका मुद्दाको सङ्ख्या १२४ रहेको अदालतले जनाएको छ।

कामु मुख्य न्यायाधीश कुँवरले न्यायपालिकाप्रति नागरिकको विश्वास कायम राख्न छिटो, निष्पक्ष र प्रभावकारी न्याय सम्पादन आवश्यक रहेको बताए । उनका अनुसार अदालतले पुराना मुद्दा फछ्र्यौटलाई प्राथमिकतामा राखेर कार्य गरिरहेको उल्लेख गर्दै न्यायमा नागरिकको पहुँच विस्तार गर्न सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण रहने विचार व्यक्त गरे।

अदालतले चालु आर्थिक वर्षका लागि चार हजार ५४६ मुद्दा फछ्र्यौट गर्ने लक्ष्य निर्धारण गरेको जनाएको छ।

**गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं ।**

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं।
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं।
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं।
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं।
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं।
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं।
- लोकतान्त्रिक मूल्य-मान्यता र मानवअधिकारको संरक्षण गरौं।

**गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**